फुकुओका शहरद्वारा सञ्चालित आशा निम्न माध्यमिक विद्यालय भर्ना आवेदन पत्र

भरेको उदाहरण

पेस गरेको मिति : रेइवा 4 साल 1 महिना 12 तारिख

(पाउने) फुकुओका शहर शिक्षा बोर्ड

म फुकुओका शहरद्वारा सञ्चालित आशा निम्न माध्यमिक विद्यालयमा भर्ना हुन चाहन्छु। साथै भर्ना प्रक्रियाको लागि आवश्यक परेमा मात्र फुकुओका शहर शिक्षा बोर्डले मेरो निवासी दर्तासम्बन्धी जानकारी हेर्ने कुरामा म सहमत छु।

| | | |
|---|---|---|
| भर्ना आवेदक | नाम | Furigana (हिज्जे) Fujisaki Tarou<br>फुजिसाकी तारोउ |
| | ठेगाना | 〒800-0001<br>फुकुओका शहर ○○ वडा ○○ ○ च्योमे ○○－○○<br>※मान्सन (कन्डोमिनियम)-को नाम आदि भएमा त्यो पनि लेख्नुहोस् |
| | टेलिफोन नम्बर | 090-1234-5678 |
| | सम्पर्क गर्न सकिने अर्को टेलिफोन नम्बर | [उदाहरण] बुवा<br>092-976-5432<br>※परिवार वा साथी, काम गर्ने कम्पनी आदि |
| | उमेर | ○○ वर्ष |
| भर्ना आवेदकको उमेर 20 वर्ष भन्दा कम भएमा भर्नुहोस् | अभिभावकको नाम | ※भर्ना आवेदक 20 वर्ष वा सोभन्दा माथि हुनुहुन्छ भने लेख्नुपर्दैन। |
| | टेलिफोन नम्बर | |
| अन्तर्वार्ताको लागि विचार पुर्‍याइदिएको आशा गर्ने कुराहरू | ※ तपाईंलाई जापानी भाषामा कुरा गर्न गाह्रो छ भने कृपया तपाईंले सधैँ प्रयोग गर्ने भाषाको नाम लेख्नुहोस्।<br>※ रोग वा अपाङ्गताको कारण विचार पुर्‍याइदिनुपर्ने केही कुरा छ भने कृपया त्यसबारे लेख्नुहोस्।<br>※ केही छैन भने केही लेख्नुपर्दैन। | |

# रेइवा 4 आर्थिक वर्ष (सन् 2022 आर्थिक वर्ष)
# फुकुओका शहरद्वारा सञ्चालित फुकुओका आशा निम्न माध्यमिक विद्यालय विद्यार्थी भर्तीबारे जानकारी

फुकुओका आशा निम्न माध्यमिक विद्यालय एउटा **सरकारी रात्रिकालिन निम्न माध्यमिक विद्यालय** हो, जहाँ स्कुल जाने उमर पार गरिसकेका र विभिन्न कारणले निम्न माध्यमिक विद्यालयमा पर्याप्त अध्ययन गर्न नपाएकाहरूले पढ्न सक्छन्।

## यस विद्यालयको आदर्श

**प्रत्येकले आफ्नो सपना पूरा गर्न अघि बढी "आशा" राखेर निर्धक्कसाथ पढ्न सक्ने विद्यालय**

## 1 भर्ना गर्न सक्ने व्यक्ति

निम्न सबै सर्त पूरा गर्ने व्यक्ति

(1) फुकुओका शहरको आधारभूत निवासी दर्ता भएको व्यक्ति

(2) हेइसेइ 19 साल (सन् 2007 साल) अप्रिल 1 तारिखसम्ममा जन्मेको व्यक्ति

(3) विभिन्न कारणले निम्न माध्यमिक विद्यालयबाट स्नातक नगरेको व्यक्ति अथवा जवान छँदा स्कुलमा भर्ना भएपछि बिचदेखि स्कुल जान इन्कार गरेको जस्ता कारणले निम्न माध्यमिक विद्यालयमा पर्याप्त अध्ययन गर्न नपाएको व्यक्ति

※ विदेशी नागरिक पनि भर्ना हुन सक्नुहुन्छ।

※ हाल उच्च माध्यमिक विद्यालय वा विश्वविद्यालयमा अध्ययनरत व्यक्तिहरू भर्ना हुन सक्नुहुन्न।

## 2 अध्यापन गराइने विषयहरू

- दिउँसोको निम्न माध्यमिक विद्यालयमा भए जसरी 9 वटा विषयहरू (जापानी भाषा, सामाजिक अध्ययन, गणित, विज्ञान, संगीत, ललित कला, स्वास्थ्य तथा शारीरिक शिक्षा, प्रविधि तथा घरेलु शिक्षा, विदेशी भाषा) सबै पढाइन्छ। त्यसबाहेक मानवीय मूल्यको कक्षा र विद्यालयको सभा-समारोह पनि छन्।
- जापानी भाषाको प्रयोगबारे चिन्ता लाग्ने व्यक्तिहरूको लागि जापानी भाषाको लागि सहायता दिइनेछ।
- तोकिएको पाठ्यक्रम पूरै अध्ययन गरिसकेपछि निम्न माध्यमिक विद्यालय स्नातकको योग्यता प्राप्त गर्न सक्नुहुनेछ।

※केही विषय मात्र छानेर वा जापानी भाषा मात्र अध्ययन गर्न सकिँदैन।

## 3 कक्षा हुने दिन, अध्ययन गराइने समय

- सोमबारदेखि शुक्रबार, बेलुका 5:50 बजेदेखि राति 9:20 बजेसम्म।
- एउटा कक्षा 40 मिनेटको हुन्छ। दिनमा 4 वटा विषयका कक्षाहरू हुन्छन्।

## 4 शुल्क

- अध्ययन शुल्क लाग्दैन। पाठ्यपुस्तकहरू निःशुल्क वितरण गरिनेछ।
- अध्ययन सामग्री (कापी र कलम आदि) र विद्यार्थीहरू मिलेर जाने यात्राको खर्च आफैले बेहोर्नुपर्नेछ।

## 5 विद्यालयमा आउने तरिका

- हिँडेर, साइकलमा, सार्वजनिक यातायात (सबवे, बस आदि) प्रयोग गरेर विद्यालयमा आउनुहोस्।
- विद्यालय आउन साधारणतया गाडी (कार) र मोटरसाइकल (स्कुटी) प्रयोग गर्न सकिँदैन।

## 6 भर्नासम्म गर्नुपर्ने कामको प्रवाह

(1) कागजात पेस गर्ने

**①पेस गर्नुपर्ने कागजात**

भर्ना आवेदन पत्र (तोकिएको फाराम)

**②आवेदन दिने अवधि**

रेइवा 3 साल (2021 साल) डिसेम्बर 27 तारिखदेखि रेइवा 4 साल (2022 साल) जनवरी 31 तारिखसम्म

(अन्तिम दिनको हुलाक स्ट्याम्प स्वीकार्य छ)

**③पेस गर्ने तरिका**

हुलाकद्वारा पठाउने, लिएर आउने, इमेल, इन्टरनेट (शिक्षा बोर्ड होमपेज)

※ आवेदन पत्र लिएर आउनुहुन्छ भने सोमबारदेखि शुक्रबार बिहान 9:00 बजेदेखि बेलुका 5:30 बजेसम्ममा आएर पेस गर्नुहोस्।

(सार्वजनिक बिदा र डिसेम्बर 29 तारिखदेखि जनवरी 3 तारिखसम्म बाहेक)

**④पेस गर्ने काउन्टर**

फुकुओका शहर शिक्षा बोर्ड शैक्षिक राजनीति शाखा

(2) अन्तर्वार्ता दिने

- भर्ना हुन चाहेको कारण, निम्न माध्यमिक विद्यालयमा जान नसकेको अवधि र अध्ययनको स्थिति, स्वास्थ्य स्थिति, विद्यालयमा आउने तारिका आदि सोधिनेछ।
- शिक्षा बोर्डले अन्तर्वार्ताको मिति र समय अनि स्थानबारे कागजात पेस गरेको व्यक्तिलाई सम्पर्क गर्नेछ।

(3) भर्नाको निर्धारण हुने

- रेइवा 4 साल (2022 साल) फेब्रुअरीदेखि मार्चसम्ममा लिखित रूपमा सूचित गराइनेछ।

## 7 आवेदन पेस गर्ने काउन्टर, सोधपुछको लागि सम्पर्क

फुकुओका शहर शिक्षा बोर्ड शैक्षिक राजनीति शाखा

〒810-8621 फुकुओका शहर च्युओउ वडा तेन्जिन 1 च्योमे 8-1

टेलिफोन: 092-711-4412 (सोमबारदेखि शुक्रबार बिहान 9:00 बजेदेखि बेलुका 5:30 बजेसम्म)

इमेल: kyoikuseisaku.BES@city.fukuoka.lg.jp

## 8 फुकुओका शहरद्वारा सञ्चालित फुकुओका आशा निम्न माध्यमिक विद्यालयको ठेगाना




【विद्यालयको ठेगाना】

फुकुओका शहर सावारा वडा मोमोची 3 च्योमे 10-1

फुकुओका शहर शिक्षा केन्द्रभित्र

【फुकुओका आशा निम्न माध्यमिक विद्यालयमा जाने तरिका】

सबवे एयरपोर्ट लाइन "फुजिसाकी" स्टेसन अथवा

निशीतेत्सु बस फुजिसाकी बस सेन्टर

बाट हिँडेर लगभग 10 मिनेट

※रेइवा 4 साल अप्रिल महिनादेखि रात्रिकालिन निम्न माध्यमिक विद्यालय खोल्ने योजना गरिएको छ। त्यतिन्जेल विद्यालयको कर्मचारी नभएकोले शैक्षिक राजनीति शाखामा सम्पर्क गर्नुहोस्।